कास्की जिल्ला अदालत
पोखरा
२०२५

# हार्दिक अपिल

मिति २०७७ माघ ६ गते Ganthan.com नामक अनलाइन पत्रिकाले "**जिल्ला अदालतका कर्मचारीले घुस मागेः पीडित**" शीर्षक राखेर प्रकाशित गरेको समाचारप्रति कास्की जिल्ला अदालतबाट मिति २०७७/१०/०८ गते उक्त समाचार तथ्यहीन, कपोलकल्पित, भ्रामक र खेदपूर्ण भएको बेहोरा उल्लेख गरी प्रेस विज्ञप्ती प्रकाशित गरेको अवस्थामा पुनः सोही भ्रामक समाचारलाई सोही पत्रिकाले विरोधाभाषपूर्ण तरिकाबाट मिति २०७७/१०/०८ मा र मिति २०७७/१०/०९ मा पत्रकारीताको मर्यादा, आचरण विपरित यस अदालतको प्रेस विज्ञप्तिलाई नै चुनौति दिदैं समाचार प्रकाशित गरेको अवस्थामा नियतबस "**अदालतमा जागिर खोसिएपछि पनेरुमाथि घुस मागेको आरोप**" नामक शीर्षक राखेर पुनः उक्त अनलाईन पत्रिकाले तेस्रो पटक समेत समाचार प्रकाशित गरी यस अदालतलाई लक्षित गरी यसै अदालतका सूचना अधिकारी नील पनेरुको नाम किटान गरी कपोलकल्पित, भ्रामक, तथ्यहिन र कर्मचारीहरुको मनोबल गिराउने गरी समग्र अदालती काम कारवाहीलाई समेत विवादमा ल्याई अफवाह सृजना गर्न भ्रामक तथा कलुषित मनसाय राखी नियोजित समाचार प्रकाशित गर्दा अदालतको आस्था र जनविश्वास अभिवृद्धि गर्न बाधा पुग्ने देखिएकोले उक्त समाचार अत्यन्तै निन्दनीय, आपत्तिजनक, खेदपूर्ण भएकोले मिति २०७७।१०।१२ मा बसेको यस अदालतको फूलकोर्टकोसमेत गम्भीर ध्यानाकर्षण भएको हुँदा घोर भर्त्सना गर्दै यसबाट न्यायका उपभोक्ताहरु अदालतका कर्मचारी तथा अदालतका साझेदारहरु विचलित नहुन हार्दिक अपिल गर्दछौं।

२०७७।१०।१२

निमित्त